# सचिवको प्रतिवेदन

मिति : २०८१/०९/०६

आजको यस एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसन (एग्बोसा) को १५ औ वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरुमा म रवि चन्द्र गुरुङको हार्दिक अभिवादन !

एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसनले वार्षिक रुपमा आयोजना गरेका कार्यक्रमहरुको संक्षिप्त विवरण म यस सभा समक्ष प्रस्तुत गर्न अनुमति चाहन्छु ।

१) मिति २०८० साल असोज २८ गतेका दिन एक्स गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसनको १४ औं वार्षिक साधारण सभा सम्पन्न भएको जानकारी गराउँदछु ।

२) यसै गरी वार्षिक योजना अनुरुप यस एशोसिएसनको मिति २०८० फागुन १२ गते Suikhet River Side Resort, हेम्जा, कास्कीमा पिकनिक सम्पन्न भएको व्यहोराको समेत जानकारी गराउँदछु । पिकनिकमा उत्साह जनक उपस्थितिको लागि सम्पूर्ण सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

३) सार्वजनिक शैक्षिक गुठी ऐन अर्न्तगत स्थापना भई सञ्चालनमा रहेको ९ सदसीय गण्डकी सार्वजनिक शैक्षिक गुठीमा विद्यालयको गुठी व्यवस्थापन समितिबाट एग्बोसालाई समेत प्रतिनिधिको स्थान प्रदान गरिएको हुदाँ त्यस समितिमा एग्बोसाको तर्फबाट अध्यक्ष श्री प्रधुम्न के.सी.ज्यूले प्रतिनिधित्व गरिरहनु भएको छ भने विज्ञको रुपमा हाम्रै एग्वोसाका सदस्य श्री तीर्थ श्रेष्ठ ज्यूले प्रतिनिधित्व गरिरहनु भएको जानकारी गराउँदछु ।

४) गण्डकी बोर्डिङ स्कुलको विद्यालय व्यवस्थापन समितिमा आमन्त्रित सदस्यको रुपमा एग्बोसालाई समेत सहभागी गराईएको व्यहोराको जानकारी गराउँदछु । कार्यसमितिको निर्णय बमोजिम एग्बोसाको प्रतिनिधिको रुपमा विद्यालय व्यवस्थापन समितिका वैठकहरुमा स्वंयम म रवि चन्द्र गुरुङ सहभागी भईरहेको जानकारी गराउँदछु । साथै अभिभावकको तर्फबाट एग्वोसाका निवर्तमान अध्यक्ष श्री कमल बहादुर श्रेष्ठ ज्यूले प्रतिनिधित्व गरिरहनु भएको जानकारी गराउँदछु ।

५) गण्डकी बोर्डिङ स्कूलका निवर्तमान प्राचार्य श्री बिरेन्द्र खड्का ज्यूको कार्यकाल समाप्त भई विद्यालयले २०८१ साल असार १३ गते आयोजना गरेको विदाई कार्यक्रममा एग्बोसाका पदाधिकारीहरु सहभागी भई वहाँलाई धन्यवाद सहित मायाको चिनो प्रदान गरियो। साथै मिति २०८१ साल श्रावण ७ गते नवनियुक्त प्राचार्य एग्बोसाका सदस्य श्री डा. विश्व यूधिर पौडेल घर्ती ज्यूलाई एग्बोसाका पदाधिकारीहरुले स्वागत तथा सफल कार्यकालको शुभकामना प्रदान गरियो ।

६) मिति २०८१ साल वैशाख २६ गते विद्यालयबाट कक्षा १२ को अध्ययन पुरा गरेका विद्यार्थीहरुको विदाई कार्यक्रममा सहभागी भई एग्बोसाका हालका गतिविधि बारे जानकारी दिलाई सक्रिय रुपमा सदस्यता लिनुहुन अनुरोध गरियो।

७) मिति २०८१ साल जेठ २९ गतेका दिन गण्डकी बोर्डिङ स्कुलको ५९औं स्थापना दिवसको अवसरमा समाजिक उत्तरदायित्वको बहन गर्दै आयोजित बिहानको समयमा वृक्षारोपण कार्यक्रममा EGBOSA का अध्यक्ष लगायत कार्यसमितिको सदस्यहरुको सहभागिता भएको थियो भने दिउँसोको औपचारिक कार्यक्रममा समेत EGBOSAका अध्यक्ष लगायत कार्य समितिका सदस्यहरु सहभागी भएका थिए। मिति २०८० साल फागुन २४ गते यस गण्डकी बोर्डिङ स्कुलको अभिभावक दिवसका दिन विद्यार्थीहरुले विभिन्न विधामा पाएका उपलब्धि तथा सफलताको कदर गर्दै विद्यार्थीहरुलाई EGBOSA ट्रफी वितरण गरिएको थियो ।

८) गत वर्ष जाजरकोट तथा पश्चिम रुकुम, कर्णालीमा गएको विनाशकारी भुकम्पका पिडितहरुलाई राहत स्वरुप रु २५,०००/- बराबरको लत्ता कपडा सामुदायिक प्रहरी केन्द्र पृथ्वीचोक, पोखरा मार्फत वितरण गरिएको जानकारी गराउँदछु। साथै एग्वोसाका सदस्यहरुले पनि आफ्नो व्यक्तिगत तर्फबाट लत्ता कपडा सहित विभिन्न सामाग्रीहरु सहयोग प्रदान गरेको जानकारी गराउँदछु ।

९) एग्बोसाको सदस्यहरु बीच सामीप्य, सकारात्मक सोच/अनुभुतिको विकास गर्नका लागि हरेक अंग्रेजी महिनाको पहिलो शुक्रबार EGBOSA Socials अर्न्तगत एशोसिएसनका सदस्यहरुको सहभागीतामा विभिन्न स्थानमा अन्तरक्रिया तथा भेटघाट कार्यक्रमहरु आयोजना गर्ने गरिरहेको जानकारी गराउदछु।

१०) हरेक वर्ष झैं यस वर्ष पनि नेपाली साहित्य जगतका आदिकवि भानुभक्त आचार्यको जन्मजयन्तीको अवसरमा मिति २०८१ भाद्र २८ गते स्कूल प्राङगणमा कविता प्रतियोगिता सम्पन्न गरिएको जानकारी गराउँदछु ।

११) मिति २०८१ असोज १२ गते एग्बोसा काठमाण्डौले सूर्य नेपाल प्रा.लि. सँगको समन्वयमा सेराटार, तनहुँमा नि:शुल्क स्वास्थ्य शिविर २०८१, आयोजना गरेकोमा एग्बोसाका अध्यक्ष लगायत कार्य समितिका अन्य पदाधिकारी तथा सदस्यहरुको उपस्थिती भएको जानकारी गराउँदछु । साथै उक्त कार्यक्रमका लागि काठमाण्डौबाट आउनुभएका सहभागीहरुलाई खादा लगाई पोखरामा स्वागत गरिएको व्यहोराको समेत जानकारी गराउँदछु ।

१२) गण्डकी बोर्डिङ स्कुलको विद्यालय व्यवस्थापन समितिबाट निर्णय भए अनुसार विद्यालयका प्रधानाध्यापक र एग्बोसाको समन्वयमा विद्यालयको गुरु योजना (Master Plan) को DPR को पहिलो चरणको काम सम्पन्न भएको छ, जस अनुसार Design Cell का अध्यक्ष तथा प्रतिनिधिहरुलाई विद्यालयको वस्तु स्थितिको अवलोकन गराईएको जानकारी गराउँदछु ।

१३) सुखद् त; हाम्रो पूर्व अध्यनरत संस्था गण्डकी बोर्डिङ स्कूलले जारी गरेको मिति २०८०/०७/२१ को निर्णय कार्यार्थ पत्र च.न. ४९/०८० अनुरुप "एग्बोसा" को नाममा संचालित सम्पूर्ण गण्डकी बोर्डिङ स्कूलका भूतपूर्व विद्यार्थी संगठनहरु, पहिलो पटक जिल्ला प्रशासन कार्यालय कास्कीमा विधिवत रुपमा वि.स. २०४९ मा दर्ता नं. ५७/४६ सहित दर्ता भएको "एग्बोसा" को विधि-विधान अनुरुप नै संचालन र नयाँ संगठन समेत सोही एग्बोसाको विधि-विधान अनुरुप नै संलग्न गर्न-गराउन अनुरोध जानकारी आएको व्यहोरा यहाँ उपस्थित सम्पूर्णमा सहर्ष जानकारी गराउँदछु । साथै

विद्यालयको उक्त पत्र अनुसारको निर्देशन कार्यान्वयन गर्ने पूर्ण प्रतिवद्धता सहित विद्यालयलाई विशेष धन्यवाद ज्ञापन गरिएको पुन: जानकारी गराउँदछु ।

१४) एग्बोसाको हाल कायम रहेको "एक्स् गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसनको विधान, २०४८" लाई समायनुकुल संशोधन तथा परिमार्जन गर्नुपर्ने आवश्यकता भएकाले "एक्स् गण्डकी बोर्डिङ स्टुडेण्टस् एशोसिएसनको विधान, २०८१" तयार गरिएको हुदाँ यही साधारण सभा मार्फत सर्वसम्मत पारित गरी उक्त विधान जिल्ला प्रशासन कार्यालय, कास्कीबाट स्वीकृत गरी लागू गरिने व्यहोराको जानकारी गराउँदछु ।

यसरी मैले भर्खर उल्लेख गरेको मुल्य वार्षिक कार्यक्रमका विवरणहरु तथा अन्य योजनाहरु हामी भूतपूर्व विद्यार्थी संगठनका सदस्यहरुको एकताको परिणाम र प्रतिफल हुन । हामी बिचको आपसी सहयोग, समझदारी र समन्वयनका कारण हामीले यस्ता विभिन्न उल्लेखनीय कार्यक्रमहरुको आयोजना गर्न सफल भएका छौ र यसले हामीहरु बिचको सम्बन्धलाई अझ प्रगाढ बनाएको छ । यसरी नै आगामी दिनहरुमा समेत हामी एक अर्काको साथ सपोर्टका र समर्थनका साथ विभिन्न सामाजिक कार्यहरु सञ्चालनका लागि एकजुट भई लाग्नका लागि अपिल गर्दै मेरो प्रतिवेदन हजुरहरु समक्ष राख्दछु ।

धन्यवाद!

रविचन्द्र गुरुङ

सचिव, एग्बोसा

Knowledge - Character - Service

**EGBOSA**

Ex Gandaki Boarding Students' Association

@egbosanepal

egbosa.org.np

@egbosa.official

*Official Twitter handle of EGBOSA*

---

## वार्षिक आर्थिक प्रतिवेदन

मिति: २०८१/०९/०६

उपस्थित सम्पूर्णमा म, उभेक कुमार श्रेष्ठ, एग्बोसाको यस कार्य समितिको कोषाध्यक्षको अभिवादन । आजको यस १५औ बार्षिक साधारण सभामा म एग्बोसाको आर्थिक वर्ष २०८०-८१ को वित्तीय बिवरण सन्क्षिप्त रुपमा पेश गर्न अनुमति चाहन्छु ।

### वासलात (Balance Sheet)

| विवरण | २०८०-८१ | २०७९-८० |
|---|---|---|
| सम्पति | | |
| मुद्दती निक्षेप | ४०,००,०००/- | ३७,७९,१००/- |
| नगद तथा बैंक मौज्दात | ८,६१,०३७/- | ८,८२,४०२/- |
| अन्य चालु सम्पति | ५९,४९३/- | ९,९३३/- |
| कुल सम्पति | ४९,२०,५३०/- | ४६,७१,४३५/- |
| | | |
| कोष तथा दायित्व | | |
| जगेडा कोष | ७,८७,६९९/- | ६,२८,३४५/- |
| स्कलरशिप कोष | ४०,००,०००/- | ४०,००,०००/- |
| एग्बोसा ट्रफि कोष | २१,१००/- | २१,१००/- |
| कुल कोष | ४८,०८,७९९/- | ४६,४९,४४५/- |
| | | |
| दायित्व | | |
| अन्य दायित्व | ३६,१७५/- | २१,९९०/- |
| कर दायित्व | ७५,५५६/- | - |
| कुल दायित्व | १,११,७३१/- | २१,९९०/- |
| | | |
| कुल कोष तथा दायित्व | ४९,२०,५३०/- | ४६,७१,४३५/- |

EGBOSA

Ex Gandaki Boarding Students' Association

POKHARA, KASKI, NEPAL

@egbosanepal

egbosa.org.np

@egbosa.official

*Official Twitter handle of EGBOSA*

## नाफा नोक्सान विवरण (Statement of Income & Expenditure)

| विवरण | २०८०-८१ | २०७९-८० |
|---|---|---|
| आम्दानी | | |
| सदस्य शुल्क | ७५,०००/- | ७२,९००/- |
| ब्याज आम्दानी | ३,९६,०००/- | ५१,५२७/- |
| कुल आम्दानी | ४,७१,६१८/- | १,२४,४२७/- |
| | | |
| खर्च | | |
| भानु जयन्ति कार्यक्रम खर्च | ११,३५५/- | ७,९९०/- |
| एग्बोसा ट्रफि खर्च | - | ३,१५०/- |
| साधरण सभा खर्च | १,१०,५२५/- | ८५,४२५/- |
| अडिट खर्च | ५,०००/- | ५,०००/- |
| नवीकरण शुल्क | ५००/- | २,७५०/- |
| वित्तीय शुल्क | २५०/- | ३५०/- |
| जाजरकोट कपडा वितरण | २५,०००/- | - |
| मीटिंग खर्च | १४,७४५/- | - |
| वेबसाइट खर्च | २२,६००/- | - |
| कर | १,२२,२८८/- | - |
| कुल खर्च | ३,१२,२६३/- | १,०४,६६५/- |
| कुल नाफा/(नोकसान) | १,५९,३२४/- | १९,७६२/- |

यस आर्थिक वर्षको अडिट तारा अन्ड एसोसिएट्स ले गर्नु भएको जानकारी गराउन चाहन्छु ।

अन्तत वार्षिक वित्तीय विवरण सम्बन्धि कुनै प्रतिक्रिया भएको खण्डमा यथास्थानबाट राखिदिनहुनको लागि आग्रह गर्दै प्रतिक्रिया नभएमा तालि बजाएर यस प्रतिवेदन पास गरिदिनुहुनको लागि सम्पूर्णमा हार्दिक अपिल गर्दछु ।

धन्यबाद ।